हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : १३१ पृष्ठ : ४ २०७७ मंसिर २६ गते शुक्रबार (Friday 11 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस विभिन्न कार्यक्रम गरी मनाइयो





**लहान** । ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस २०२० को अवसरमा सिरहामा बिहीबार विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

मानव अधिकार तथा शान्ति समाज सिरहाले लहानस्थित सहिद चोकमा 'युद्ध निषेध, शान्ति विशेष' लगायत विभिन्न नारा लेखिएको प्लेकार्ड बोकेर ¥याली प्रदर्शन गर्दै मानव अधिकार दिवस मनाएको छ ।

मानव अधिकार तथा शान्ति समाज सिरहाका अध्यक्ष जानुका पराजुलीले यसवर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवस 'आणविक अस्त्र रहेसम्म यो प्यारो धर्तीमा कोही सुरक्षित छैनन्' भन्ने नाराको साथ मनाइएको जानकारी दिइन ।

अधिकारकर्मीहरूले सहिद चौंकमा प्लेकार्ड सहित लामबद्ध भएर प्रदर्शन गरेका थिए । उनीहरूले कोभिड कहरबाट बच्न सकिन्छ, तर आणविक कहरबाट कसले बचाउने ?', 'नेपाल : आणविक हतियार निषेध सन्धी तत्काल अनुमोदन गर' लगायत नारा लगाएका थिए । मानव अधिकार तथा शान्ति समाज सिरहाका सचिव सन्जय यादवले कार्यक्रमको सञ्चालन गरेका थिए ।

यसैगरी अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा लहानस्थित सहिद चोकमा नेपाल मानव अधिकार संगठन सिरहा शाखाले दीप प्रज्वलन गरी मनाएको छ । संगठनका केन्द्रीय सदस्य एवं जिल्ला अध्यक्ष राज कुमार राउतले दीप प्रज्वलन गरी दिवस मनाइएको जानकारी दिए । यसैगरी दिवसकैं अवसरमा मानव अधिकार रक्षक संजाल सिरहा र महिला अधिकार रक्षक संजाल सिरहाद्वारा आयोजित कार्यक्रममा मानवअधिकारको क्षेत्रमा काम गर्ने मानवअधिकारकर्मी देवकुमारी महरा, सूर्यनारायण राम, सञ्चारकर्मी शुभनारायण कामती, कोभिडको समयमा ज्यान जोखिममा राखेर सेवा गर्ने धनगडीमाई नगरपालिका-१ छपराडीको आईसोलेसन सेन्टरको मेसु डा.सुभाष मण्डल र धनगडी रेडक्रस सभापति गंगाराम यादव लगायत पाँच जनालाई सम्मान गरेको छ ।

ओरेक नेपाल सिरहा, दलित जन कल्याण युवा क्लब लहान, मुक्ति नेपाल गोलबजार, समग्र जन उत्थान केन्द्र लहान, अपाङ्ग पुर्नस्थापना केन्द्र सिरहा, इन्सेक, जिल्ला प्रहरी कार्यालय लगायतका मानव अधिकारका क्षेत्रमा कार्य गर्ने संस्थाहरूको संयुक्त सहकार्य रहेको कार्यक्रममा प्रदेस सभा सदस्य लगनलाल चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा मानवअधिकार संरक्षण सञ्जाल सिरहाका २०२० को संयोजक सहयोगी हातहरू तथा ईन्सेक प्रतिनिधि दुर्गा परियार र सचिवालय ओरेक नेपालले जिम्मेबारी पाएको छ ।

# मानवअधिकार सञ्जालको नेतृत्व इन्सेकलाई

**लहान** । मानवअधिकार संरक्षण केन्द संजाल सिरहाको नेतृत्वको जिम्मेवारी अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक)लाई दिइएको छ । सिरहा जिल्लामा २०६० साल देखि गठन भएको मानवअधिकार संरक्षण केन्द्र सञ्जालको सन् २०२१ को नेतृत्वका लागि इन्सेक जिल्ला प्रतिनिधि दुर्गा परियारलाई संयोजनको जिम्मेवारी दिइएको छ । यस अघिपनि २०२० को नेतृत्व इन्सेकले नै गरेको थियो ।

मानवअधिकार संरक्षण र प्रवर्द्धनमा सक्रिय २० भन्दा बढी संघसंस्थाहरूको छाता संगठनको रूपमा रहेको सञ्जालको नेतृत्व परिवर्तन ७१ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा आयोजित कार्यक्रममा घोषणा गरी इन्सेक प्रतिनिधिलाई प्रदान गरिएको थियो । इन्सेक अभियानमा जिल्ला प्रतिनिधि परियारले २०६९ साल देखि जिल्लामा सामाजिक न्यायका लागि जिल्ला प्रतिनिधिको रूपमा योगदान दिदै आएका छन ।









# कृषकको पाना

## आलु खेती प्रविधि

**आलुको उत्पत्ति एवं परिचय**

आलुको उत्पत्ति दक्षिण अमेरिकाको एण्डिज पर्वतिय श्रृत्तलाको पेरू तथा बोलिभिया क्षेत्रमा २०० इशा पूर्वमा आलु खेती सुरू भएको र त्यस ठाउँमा आलुको उत्पत्ति भएको मानिन्छ । नेपालमा आलु कहिले र कहाँबाट भित्रियो भन्ने एकिन नभएता पनि इस्ट इण्डिया कम्पनीको कर्णेल कर्क पेट्रिकले सन् १७९३ मा आफ्नो नेपाल भ्रमण प्रतिवेदनमा भारतको पटनाबाट आलुको बीउ काठमाण्डौंमा ल्याई खेती गरिन्थ्यो भनी उल्लेख गरे अनुसार काठमाण्डौं उपत्यकामा आलु खेती सुरू भएको मानिन्छ । (कर्क पेटिक) १८११ को लेखमा अठारौं शताब्दी मध्येदेखि अन्त्यतिर नेपालमा आलुखेती सुरू भइसकेको प्रष्ट पारेका छन् ।

आलु नेपालको एक प्रमुख बाली हो । यसको खेती नेपालमा सबै भागमा गरिन्छ । नेपालमा हाल खेती गरिने प्रमुख बाली, धान, मकै, गहुँ, कोदो पछि पाँचौं र उत्पादन र खपतमा आलुको दोस्रो स्थान छ भने उत्पादकत्वमा प्रथम स्थान ओगटेको छ । हाम्रो देशको उच्च पहाडी क्षेत्रमा आलु मुख्य खाद्यान्न बालीको रूपमा र अन्य क्षेत्रमा प्रमुख तरकारी बालीको रूपमा खेती गरिने भएको कारण यसको ठूलो महत्व छ । यस वालीले गरिवी निवारण गर्न सहयोग पुर्‍याउँछ । हाल नेपालको तराई समथलदेखि ४४०० मिटर सम्मको उच्च पहाडी क्षेत्रमा प्रशस्त मात्रामा आलु खेती हुँदै आएको छ । (Joshi- 997) आलुको औषत राष्ट्रिय उत्पादकत्व १३.७३ टन हेक्टर छ :OACh|ABPSd\ 2011.

**हावापानी**

आलु स्वभावले नै चिसो हावापानी रूचाउने बाली भएकोले यसले चिसो मौसम, जाडो वातावरण रूचाउँछ । तर धेरै न्यून तापक्रममा आलुको बोटको बृद्धि विकास रोक्न सक्छ । त्यसकारण आलु बालीबाट सन्तोषजनक रूपमा राम्रो उत्पादन लिन चिसो हावापानी र वातावरण आवश्यक पर्दछ ।

**जमीनको छनौट**

व्यावसायीक आलु खेती गर्न पानी नजम्ने निकास भएको, भनेको बेलामा सिचाई हुने प्राङ्गारिक पदार्थ मिसिएको हल्का दुमट बलौटे माटो र घर पाएक पर्ने सडकले छोएको जमिन छान्नुपर्छ ।

**जमीनको तयारी**

आलु जमीन मुनि फल्ने वाली भएकोले ३-४ पटक हलो वा ट्याक्टरले गहिरोसँग जोतेर माटोलाई खुकुलो र बुरबुराउँदो पारी आलु रोप्ने प्लट तयारी बनाउनु पर्दछ ।

**मलखाद**

व्यावसायिक आलु खेतीमा, प्रतिरोपनी राम्ररी कुहिएको प्राङ्गारिक वा कम्पोष्ट मल करिब ६० देखि ७० डोको अथवा १५०० किलो साथै डि.ए.पी. ११ केजी, म्यूरेट अफ पोटास ५ केजी र यूरिया ७ केजीमा आधा भाग जमिन तयार गर्दा माटोमा मिलाउने वा आलु रोप्ने समयमा लाईनमा धारो बनाएर हाल्ने तर रासायनिक मलसँग सोझै सम्पर्कमा नआउने गरी कम्पोष्ट मल राखी माटोले पातलो छोपेर बीउ रोप्ने र सिफारिस अनुसार बाँकी आधा युरिया १ महिनापछि गोडमेल गरी उकेरा दिँदा टपड्रेस गर्ने र सम्भव भए हलुका सिँचाइ गर्ने ।

**आलुका जातहरूः**

राष्ट्रिय आलुवाली अनुसन्धान कार्यक्रम खुमलटारको जातीय मूल्यांकन नीति अर्न्तगत रहेर विगतमा तत्कालीन राष्ट्रिय आलुवाली विकास कार्यक्रम खुमलटारले बर्षौ लगाएर गरिएका मूल्यांकनको आधारमा उन्मोचित र सिफारिस गरिएका केही उन्नत जात र स्थानीय जातहरू निम्न छन् ।

कुफ्रि ज्योति, कुफ्रि सिन्धुरी, डिजिरे, जनकदेव, खुमल सेतो १, खुउमल रातो २, कार्डिनल, एनपिआई १०६, एम.एस. ४२, पेरिकोली, स्यांदोर्जे पूर्वी पहाडको लागि, थारू लोकल सेतो पश्चिम तराई, जुम्ली लोकल सेतो मध्य पश्चिमको लागि, काठमाण्डौं लोकल रातो काठमाण्डौं उपत्यकाका लागि प्रसिद्ध छन् ।

**बीउको छनौट**

व्यावसायिक आलु खेती गर्न भरपर्दो स्रोतबाट समयमा नै आफूलाई आवश्यक पर्ने राम्रो बीउ छनौट गरी खरिद गर्नुपर्दछ । २५ देखि ५० ग्राम तौल भएको चाउरी नपरेको मोटा मोटा टुसा आएको बीउ छान्नु पर्दछ । यदि रोप्ने बीउको साइज र आकार ठूलो भएमा टुसा आउने भाग हेरी ठाडो पारेर काट्नुपर्दछ । काटेर रोपेको बीउबाट उत्पादन भएको आलु आउने साल बीउमा प्रयोग गर्नुहुँदैन ।

**रोप्ने तरिका**

बाँकी ४ पेजमा

*सन्दर्भ : ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस*

# जात–व्यवस्थाको जाँतोमा मानवअधिकार



जेबी विश्वकर्मा/रुप सुनार

संसारभरिका निरंकुश र जनविरोधी शासन व्यवस्थाले सीमान्तीकृत समुदायमाथि हजारौं वर्षदेखि अत्याचार र दमन गर्दै आइरहेका छन् । सन् १९५० पछि तीव्र रूपमा विकास भएको खुला बजार अर्थनीतिसहितको पुँजीवादी लोकतान्त्रिक राजनीतिक व्यवस्थाले पनि मूलतः सीमान्तीकृत र बहिष्करणमा पारिएका समुदायमाथिको अत्याचारलाई निरन्तरता दिइरहेको छ । सामन्तवादी व्यवस्थाविरूद्ध भएका पुँजीवादी क्रान्तिले केही हदसम्म श्रमजीवी वर्गलाई मुक्त गरे पनि जात–व्यवस्थामा आधारित दक्षिण एसियाली समाजमा करिब २२ करोड दलितमाथिको बर्बर दमन र अत्याचारको अन्त्य हुन सकेको छैन । सन् १९४७ मा भारत ब्रिटिस साम्राज्यबाट स्वतन्त्र भएपछि लोकतान्त्रिक राज्य–व्यवस्थामा रूपान्तरित भयो । तर, लोकतान्त्रिक भनिने भारतमा प्रत्येक १८ मिनेटमा एकजना दलितमाथि आक्रमण हुन्छ, दैनिक कम्तीमा दुईजना दलितको गैरदलितबाट हत्या हुन्छ । दलित महिलामाथि बलात्कार हुन्छ, हत्या गरिन्छ, तर ९० प्रतिशतभन्दा बढीले न्याय पाउँदैनन् । अर्कोतिर राज्य तिनै अपराधमा संलग्नहरूको पक्षपोषण गर्छ र मानवअधिकारको संरक्षण गरिरहेको भद्दा मजाक गरिरहन्छ ।

मानवजीवनका यी आधारभूत अधिकार सुनिश्चित हुने राज्यब्यवस्था निर्माणका लागि भनेर संसारभरि ठुल्ठूला क्रान्ति र संघर्ष भएका छन् । नागरिकले स्वतन्त्रता र सम्मानसहित बाँच्न पाउने आधारभूत मानवअधिकार सुनिश्चित हुने अर्थ–राजनीतिक व्यवस्था निर्माणका लागि निरन्तर संघर्ष भइरहेका छन् । नागरिकलाई आर्थिक, राजनीतिक, सामाजिक–सांस्कृतिक दमनबाट मुक्त गर्नका लागि दक्षिण एसियामा भएका संघर्षले दलितको आधारभूत मानवअधिकार सुनिश्चित गर्न सकेको छैन । नेपाल पनि निरंकुश राजनीतिक व्यवस्थाको अन्त्यसँगै संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ । सिद्धान्ततः लोकतन्त्रमा दासत्व, दमन, शोषण र अत्याचार वा अपमान उत्पीडनविना स्वन्त्रतापूर्वक बाँच्न पाउनु मानवअधिकार भए पनि नेपालका दलित राजनीतिक बहिष्करण, आर्थिक वञ्चितीकरण र सामाजिक–सांस्कृतिक विभेदको जन्जिरबाट मुक्त हुन सकेका छैनन् । यस अर्थमा नेपालका दलित समुदाय आधारभूत लोकतन्त्र र मानवअधिकारबाट वञ्चित छन् । यस किसिमको औपचारिक लोकतान्त्रिक व्यवस्थाले केबल शासन सत्तामा हालिमुहाली गर्दै आइरहेको वर्ग र समुदायले अभ्यास गर्दै आइरहेको शक्तिलाई नै वैधता दिइरहेको छ । नेपाली समाजमा यसका अनगिन्ती उदाहरण छन् ।

**दलितमाथिको ज्यादती :** नेपालको औपचारिक लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्न बनाइएको नयाँ संविधानले मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएझैं सबै नागरिक कानुनको दृष्टिमा समान हुने कुरा समावेश गरेको छ । नेपालको संविधानले दलित अधिकारलाई मौलिक अधिकारको रूपमा परिभाषित गरी धारा २४ मा छुवाछुतविरूद्धको हक र धारा ४० मा दलित समुदायको हक समावेश गरेको छ । यसका साथै, दलितमाथिको छुवाछुत–भेदभाव अन्त्यका लागि जातीय विभेद तथा छुवाछुत ९कसुर र सजाय० ऐन, ०६८ संशोधन भएर आएको जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव कसुर र सजाय ऐन ०७५ छ । यी संवैधानिक तथा कानुनी व्यवस्था अन्तर्राष्ट्रिय रूपमा नेपाली राज्यसत्ता दलितविरोधी नदेखिन र दलित समुदायलाई संवैधानिक तथा कानुनी अधिकार दिइएको व्याख्या गर्नका लागि मात्रै उपयोग भइरहेको छ । व्यवहारमा दलितले ती अधिकारको उपयोग गर्ने पर्यावरण निर्माण गरिएको छैन किनकि नेपाली राज्य यो विभेदकारी जात–व्यवस्थामा आधारित सत्ता संरचना भत्काउन चाहँदैन । यसैको प्रतिछाया नेपालका अधिकांश मानवअधिकारवादी संघसंस्था वा अगुवाहरूमा पनि देखिन्छ । त्यसैले त दलितमाथि भएका नरसंहार, हत्या, हिंसा र अत्याचारमा ती प्रायः मौन रहन्छन् ।

समाजमा दलितमाथि दैनिक रूपमा विभेद र अपराधका घटना हुने गरेका छन् । दलितमाथि हुने विभेद र ज्यादतीका अधिकांश त्यस्ता घटना न्यायिक प्रक्रियामा नै आउँदैनन् । यस्ता घटना समाजमै दबाउने, केही मुद्दा मेलमिलापमार्फत टुंग्याउने, प्रहरीकै सक्रियता र रोहवरमा मिलापत्र गराई जाहेरी दर्तासमेत हुन नदिने र अपवादका केही घटना मात्रै न्यायिक प्रक्रियामा पुग्ने गरेका छन् । दलित सवालमा अध्ययन–अनुसन्धानका क्षेत्रमा क्रियाशील डिग्निटी इनिसियटिभको एक अध्ययनअनुसार जातीय भेदभाव तथा छुवाछुतविरूद्धको ऐन, ०६८ जारी भएपछि २०७७ सम्म दलितमाथि भएका विभेदसम्बन्धी १८२ वटा मुद्दा नेपाल प्रहरीमा दर्ता भएका छन् । नेपाल प्रहरीको तथ्यांकले यस्ता घटनामा सबैभन्दा बढी ३८ वटा मुद्दा सुदूरपश्चिम प्रदेशमा भएको देखाउँछ भने सबैभन्दा कम १८ वटा प्रदेश २ मा देखाउँछ । यद्यपि, पत्रपत्रिकामा प्रकाशित समाचारलाई नै विश्लेषण गर्ने हो भने पनि प्रदेश २ मा अत्यधिक जातीय विभेदका घटना हुने गरेका छन् । यसले दलितमाथि भएका घटना प्रहरीसम्म पुग्नै नसकेको देखाउँछ।

दलितमाथि दैनिक रूपमा भएको जातीय विभेदका घटना असाध्यै कम मात्रामा न्यायिक प्रक्रियासम्म पुग्ने गर्छन् । नेपालमा जघन्य प्रकृतिका अपराधका घटनामा समेत दलितले न्याय नपाएका असंख्य दृष्टान्त छन् ।

जातीय भेदभाव तथा छुवाछुतविरूद्धको ऐन ९२०६८० लागू भएपछि पनि गम्भीर प्रकृतिका दलित मानवअधिकार उल्लंघनका घटना भएका छन् । डिग्निटी इनिसियटिभको अध्ययनअनुसार यो अवधिमा देशभरमा जम्मा २७ दलितको हत्या भएको छ । छोराले अन्तरजातीय विवाह गरेकै कारण दैलेखका सेते दमाई मारिनुपर्‍यो भने काभ्रेका अजित मिजार, सप्तरीका शिवशंकर दास, जाजरकोटका नवराज विश्वकर्मासहित ६ जना युवाको नरसंहार गरियो । यति मात्रै होइन, अन्तरजातीय विवाहका कारण कतिपय जोडी गाउँनिकाला गरिएका छन् । कुटपिट, धम्की र यातना भोग्नुपरेको छ ।

दलित महिला र बालिकामाथि बलात्कार र हिंसाका अनगिन्ती घटना भएका छन् । कास्कीकी श्रेया सुनार, कैलालीकी माया विक, धनुषाकी द्वितीया ९रेश्मा० रसाइली, रूपन्देहीकी अंगीरा पासी, बझाङकी सम्झना विक आदिको बलात्कारपछि हत्या भएको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार लकडाउनपछि मात्रै पनि १२ सयभन्दा बढी महिला तथा बालिका बलात्कारको सिकार भएका छन् । जसमध्ये २ सय ६० दलित समुदायका छन् । यीमध्ये ६ जना दलित महिलाको बलात्कारपछि हत्या गरिएको छ । यति मात्रै होइन, चुलो छोएको निहुँमा कालिकोटका मनविरे सुनारको हत्या गरियो । कालिकोटकै दलित महिला प्रतिनिधि मना सार्कीको हत्या भयो । हत्या आरोपमा रौतहटका विजय रामलाई प्रहरी हिरासतभित्रै करेन्ट लगाएर हत्या गरियो । यसैगरी जीवनरक्षाका लागि प्रहरीमा पुगेका धनुषाका शम्भु सदाको प्रहरी हिरासतमै रहस्यमय मृत्यु भयो । युवती बलात्कारविरूद्ध उजुरी दिएका कारण सप्तरीका त्रिभुवन रामको हत्या भयो । यति मात्रै होइन, दलित महिला जनप्रतिनिधिलाई समेत विभेद गरिएका, सार्वजनिक स्रोत र सम्पत्तिको प्रयोग गर्दा कुटपिट, यातना र धम्की दिइएका र आसय विभेदका असंख्य घटना दलितमाथि भइरहेका छन् । यसरी यातना, अन्याय र अत्याचार भइरहँदा नागरिकको मानवअधिकारको रक्षा गर्ने दायित्व बोकेको सरकार दलितमाथिको विभेदमा मौन रहन्छ । बरू, अप्रत्यक्ष रूपमा राज्यशक्तिको दुरूपयोग गरेर अपराधीलाई बचाउन लागिपर्छ । यसैगरी समाजका अधिकांश अगुवा, राजनीतिक दलका नेता–कार्यकर्ता, मानवअधिकारकर्मीका साथै कानुन कार्यान्वयन गराउने निकायसमेत दलितमाथिका जघन्य अपराधमा मौन रहने वा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा अपराधीकै संरक्षणमा लाग्ने गर्छन् । केही प्रगतिशील हिस्साबाहेक अधिकांश सामाजिक–राजनीतिक शक्ति दलितमाथि भएका अन्यायविरूद्ध नबोल्नु विभेदकारी जात–व्यवस्थाको पक्षपोषण गर्नु हो ।

**जात–व्यवस्थासामु निरीह कानुनी कारबाही :** दलितमाथि दैनिक रूपमा भएको जातीय विभेदका घटना असाध्यै कम मात्रामा न्यायिक प्रक्रियासम्म पुग्ने गर्छन् । नेपालमा, जघन्य प्रकृतिका अपराधका घटनामा समेत दलितले न्याय नपाएका असंख्य दृष्टान्त छन् । डिग्निटीकै अध्ययनअनुसार जातीय विभेद र हिंसाका अधिकांश मुद्दामा अपराधमा संलग्न व्यक्तिहरु

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ ।

**वृष** :- वाणीमा कुशलता आउने दिन परेको छ । करियर को क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ । यात्रा गर्ने अवसरपनि जुट्नेछ ।

**मिथुन**:- परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठ–मन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**कर्कट** :- धार्मिक, सामाजिक महत्त्वको क्षेत्रको भ्रमण हुनसक्छ । दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरू हुन सक्छ ।

**सिंह**:- आज भाग्यले साथ दिनेछ । सजिलै अरूको मन जित्न सकिनेछ । परोपकार तथा सामाजिक सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ ।

**कन्या** :- परोपकारजन्य कार्यमा लगाव बढ्ने र धनसञ्चयको अवसर प्राप्त हुनेछ । आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । व्यवसायिक क्षेत्रबाट लाभ हुनेछ ।

**तुला** :- नाता–कुटुम्बको आगमन हुने एवं परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर पनि जुट्ला ।

**वृश्चिक** :- ईज्जत प्रतिष्ठामा दाग लाग्न सक्छ ख्याल गर्नुहोला । प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नेछ । सामाजिक काममा व्यास्त हुने समय रहेको छ ।

**धनु** :- भने कसै सैलाई परदेशी घर फर्कने र घरपरिवारमा र रमाइलो वातावरण छाउनेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ । हर्ष र प्रसन्नता छाउनेछ ।

**मकर**:- घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ । परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमापनि कमी आउनेछ ।

**कुम्भ**:- आजको दिन सहयोग गर्ने भन्दा आश्वासन बाढ्नेहरू धेरै भेटिनेछन् । आफन्तहरूको सहयोगले कामहरु अगाडी बढ्नेछन् । पुनर्मिलनको योग पनि छ ।

**मिन** :- बोलीवचन एवं प्रवचन–भाषण आदिमा प्रशंसा मिल्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने समय पनि छ ।

# सन्दर्भ -७२ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस

## गाउँघर

**राजकुमार राउत**



१९१४-१९१८ प्रथम विश्वयुद्ध र १९३९-१९४५ सम्म भएको दोश्रो विश्वयुद्धबाट लाखौं मानिसहरूको ज्यान गुमाउनुपरेको, असंख्य धनजनको अपूरणीय क्षति र तत्कालिन समयमा सामाजिक तथा आर्थिक संरचनाको ९ भागको एक भाग पूर्ण रूपमा नष्ट भएकोले संसारभरीका ताकत र शक्तिशाली राष्ट्रहरुले तवोपरान्त मानिसहरूको जीवन रक्षा र विश्वकै बाँकी रहेको भौतिक संरचनालाई सुरक्षित गर्न आ-आफ्ना ढंगले संगठित रूपमा कोशिस गरे । परिणामस्वरूप मानव अधिकार सम्बन्धी अनेक संघ संस्थाहरूको जन्म भयो र कालान्तरमा संयुक्त राष्ट्र संघको जन्म भयो । जसले साधारण सभा र महासभाबाट विश्वलाई मान्य हुने गरी सन् १९४८ डिसेम्बर १० डिसेम्बर अर्थात् आजका दिनमा नै ३० वटा धारा सहित विश्व मानवअधिकार घोषणा पत्र जारी भयो ।

मानवअधिकारको औचित्य एवं अनिवार्यतालाई विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । जुन मानवअधिकार प्राकृतिक, मौलिक, कानुनी एवं नैसर्गिक अधिकार हो । मानवलाई मानवीय मर्यादामा बाँच्नका लागि चाहिने सबै अधिकार नै मानव अधिकार हो । जसले मानव अधिकारको अवधारणा नैतिकता तथा मर्यादासँग घनिष्ट सम्बन्ध राख्दछन् । मानिसलाई गर्भ देखि बाँचुन्जेल सम्म मानव अधिकार आवश्यक हुने भएकोले यसलाई जन्मसिद्ध अधिकार पनि भनिएको हो । पोसिलो खाना, अनिवार्य आधारभूत शिक्षा, विचार अभिव्यक्तिको स्वतन्त्रता, संगठन गर्न पाउने स्वतन्त्रता, सूचनाको हक, भोक विरूद्धको अधिकार निःशुल्क आधारभूत स्वास्थ्य सेवा, पेशा तथा रोजगारी छनौट स्वतन्त्रता आधारभूत अधिकार हुन् । यसका दुई वटा मूलभूत सिद्धान्तहरू हुन्छन्, (क) विश्वव्यापकता (ख) समानता तथा अभेदभाव । पश्चिमी अवधाराण अनुसार नागरिक तथा राजनैतिक अधिकारलाई प्रथम पुस्ताको मानव अधिकार भनिन्छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई दोश्रो पुस्ताको मानव अधिकार भनिन्छ । विकास र वातावरण सम्बन्धी अधिकारहरूलाई तेस्रो पुस्ताको मानव अधिकार भनिन्छ ।

मानव अधिकारको विश्व व्यापी मान्यता अनुसार आधिकारीक रूपमा संयुक्त राष्ट्र संघको १९४८ डिसेम्वर १० लाई लिए पनि मानव अधिकारको पृष्ठभूमि र इतिहास अरू बेग्लै किसिमको छ । मानव अधिकारको ऐतिहासिक विकासक्रमलाई यसरी पनि हेर्न सकिन्छ ।

म्याग्नाकार्टा जनताका अधिकारहरूको रक्षा सुनिश्चित गरिएको दस्तावेज हो । सन् १२१५ सम्म बेलायतका सबै कानुनहरू अलिखित थिए । यो नै बेलायतको प्रथम लिखित दस्तावेज हो जसमा मानवअधिकार र मौलिक अधिकारहरूको वर्णन गरिएको थियो । जस अनसार कानुन बनाउने अधिकार संसदलाई मात्र हुनुपर्ने र संसदको अधिवेशन नियमित रूपमा बोलाउनु पर्ने, संसदको स्वीकृत बेगर राजाले कुनै पनि कर लगाउन नपाउने, कानुनको सर्वोच्चता र स्वतन्त्र न्याय व्यवस्था हुनुपर्ने, कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई थुनामा राख्न नपाइने । अधिकार पत्र १६२८ मा जारी भएको दस्तावेज यो दस्तावेज ब्रिटिश न्यायाधीश एडवर्ड कोक बाट प्रतिपादन भएको थियो । जसअनुसार जनताको मौलिक हकहरूको संरक्षण सम्बन्धी कुराहरू थियो । उनको दस्तावेजमा शासन प्रशासनले मनोमानी किसिमले कसैलाई बन्दी वा गिरफ्तार गर्न नपाउने, शान्तिको समयमा सैनिक कानुनको प्रयोग गर्न नपाउने, नागरिकहरूको घरमा सैनिकको प्रयोग गैर कानुनी हुने वर्णन थियो । विल अफ राईट सन् १६८८ को गौरवमय क्रान्तिले बेलायतका राजाले संसद बीचको एक सय बर्ष लामो द्वन्द्वलाई रक्तविहिन तरिकाले समाप्त पार्‍यो । जसलाई विल अफ राइटस भनियो । यो राजा र जनप्रतिनिधिबीचको सामाजिक सम्झौता थियो । जस अन्तर्गत जनताको सार्वभौमिकता, समानता संसदबाट पारित कानुनको सर्वोच्चता कुनै पनि व्यक्तिलाई क्रुर र निर्दयतापूर्वक यातना दिन नहुने र व्यक्तिलाई सम्पत्ति सम्बन्धी स्वतन्त्र हुने उल्लेख छ । अमेरिकाको स्वतन्त्रताको घोषणा १७७६ जस अनुसार सबै मानिसले आत्मसात् गर्नुपर्छ सबै मानिस समान रूपमा जन्मेका हुन्छन् । उनीहरूलाई सृष्टिबाट नै निश्चित उल्लंघन नहुने अधिकार प्रदान गरिएको हुन्छ, जसमा जीवन स्वतन्त्रता र आनन्दको खोजी जस्ता अधिकारहरू पर्दछन् । यसमा भनिएको छ सरकारले जनताको मौलिक अधिकारहरूको अपहरण गर्छ भने त्यस्तो सरकारलाई परिवर्तन गर्ने अधिकार जनतासँग हुन्छ । मानव अधिकारको फ्रान्सेली घोषणापत्र १७८९ अनुसार व्यक्तिलाई पनि राज्यलाई जस्तै स्वतन्त्रता र आत्म निर्णयको अधिकार हुनुपर्छ ।

१८१५ को भियना सम्मेलन अनुसार यूरोपमा विद्यमान दास प्रथा रोक्ने उद्देश्य लिएर दास प्रथालाई निषेधित गर्ने प्रयत्न गर्‍यो । संयुक्त राष्ट्र संघको मूलधारा अनुसार सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारहरूमा समान हुने भएकोले एक अर्का प्रति भाईचारा तथा मैत्रीको भावना हुनुपर्छ । जाति वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक विचारधारा अनुसार कसैलाई कुनै किसिमको भेदभाव गर्न मिल्दैन । प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षा यो अधिकार हुनेछ । कानुनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सबै ठाउँमा व्यक्तिको रूपमा मान्यता पाउने अधिकार छ ।

पंचायतकालमा नेपालमा हुकुमी शासन, तानाशाही व्यवस्था, स्वेच्छाचारी सत्ता प्रवृत्तिको विरोधमा २०४५ सालमा सर्वप्रथम नेपाल मानव अधिकार संगठनको स्थापना भएको थियो । कुनै बेला राजा महेन्द्रको बैंक भएर स्थापित एवं २०१९ को संविधानको मस्यौदाकार श्रृषिकेश शाहको अध्यक्षतामा उक्त संगठन स्थापना भएको पूर्व प्रधान्यायाधिश सुशीला कार्की देखि वामपन्थी नेताहरू बाबुराम भट्टराई, नारायणकाजी श्रेष्ठ, भरतमोहन अधिकारी, पदमरत्न तुलाधर, देवेन्द्र राज पाण्डे, वीरेन्द्रकेशरी पोखरेल, गोपाल चिन्तन शिवाकोटी, नूतन थपिलिया, दुर्गा सुवेदी, प्रदीप गिरि, प्रो कपिलश्रेष्ठ जस्ता सामेल थिए । प्रदीप गिरि स्थापनाकालका महासचिव हुन र वर्तमान सिरहाका वर्तमान सांसद छन् । तर हाल कोरोनाका कारण भएको लक लकडाउँनमा बिरामीले औषधी किन्दा खानु परेको कष्ट, तरकारी बेच्नेले खाएको पिटाई, अत्यावश्यक काममा हिंडेको यात्रु वा बटुवाले भोग्नु परेको कठिनाईका बारेमा बोल्नु पर्दथ्यो तथा अभिव्यक्ति दिनुपर्ने हुन्थ्यो । बेलाबखत बोल्नुभयो होला । सांसदमा सवाल उठान गर्नुभयो होला । तर दूर दराजका जनताले त्यो अभिव्यक्त, उठान सुन्न पाएका छैनन् । त्यसबारेमा जानकारी पाएका छैनन् । सुन्न पाउने वातावरण तयार भएको छैन र त्यो तयारी गरिनुपर्छ । जसले गर्दा हाम्रो सवालका बारेमा उठान भएको छ है भन्ने अनुभूत गराउन आवश्यक छ ।

आज मानव अधिकार दिवसको समयमा पनि वर्तमान सरकारको प्रधानमन्त्री केपी. शर्मा

*बाँकी ४ पेजमा*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

**नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !**

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

## आलु...

आलु रोप्ने जमिन तयार भईसकेपछि ५ देखि ७ सेमी गहिरोमा बोट देखि बोटको दुरी २५ देखि ३० सेमी फरकमा र १ ड्याङबाट अर्को ड्याङ्को दुरी ६० देखि ७० सेमी फरकमा टुसा आएको पुष्ट बीउ रोप्नुपर्दछ । यसो गर्दा सिँचाइ, गोडमेल गर्न, किटनाशक विषादी छर्न सजिलो हुनका साथै उत्पादन बढी लिन सकिन्छ ।

**बीउको उपचार**

आलु रोप्नु भन्दा तिन दिन अगाडि आफुसँग भएको आलुको बीउ के कस्तो अवस्थाको छ, ग्रेडिङ गरि यदि ठुलो साइज भएमा बीउ उम्रने भाग र टुसा हेरेर ठाडो पारेर चक्कु वा चुलेसीले काट्नु पर्दछ । तयारी गरिएको बीउलाई डाइथियन एम. ४५ वा डाइथियन एम. जेट ७८ धुलो २–३ ग्राम प्रति लि. पानीमा राखेर बनाइएको तयारी झोलमा करिव १५ देखि २० मिनेट डुवाएर झिक्ने र शितल ठाउँमा पातोसँग फिजाएर ओभाएपछि मात्र बीउ रोप्न लायक हुन्छ ।

**सिँचाइ**

आलु खेतीको लागि सिंचाइको आवश्यकता पर्दछ । आलुको दानामा ७५–८० प्रतिशत पानीको भाग हुन्छ जसले गर्दा आलुको दाना र बोटको विकासको लागि हल्का सिंचाईको चिस्यान हुन, आवश्यकता पर्दछ । तर जम्न गएमा हानिकारक हुन्छ ।

आलुको डडुवा रोग

आलु चिसो जाडो मौसममा हुने भए पनि झरी बादल ओसिलो खराब मौसमको कारण आलुमा डडुवा रोग लाग्ने सम्भावना देखिएमा डाईथियन एम. ४५ अथवा डाइथियन एम. जेट ७८ को धुलो २–३ ग्राम प्रति लि. पानीमा हालेर घोल बनाई स्प्रेयरबाट आलुको पातमा तल माथी र बोटै भिज्ने गरी छिटेमा डुढुवा रोग लाग्दैन ।

**गोडमेल**

आलु रोपेको २५–३० दिन अथवा बोटको उचाई १५–२० से.मी भएपछि पहिलो पटक र आलु रोपेको २ महिना पछि दोस्रो पटक उकेरा गरी माटो चढाउन पर्दछ र झारपात हटाई सफा सँग राख्नु पर्दछ ।

**बीउको परिमाण एवं उत्पादन**

आलुको बीउ एक रोपनीको लागि बीउको साइज हेरी ७५–१०० के.जी. र प्रति कट्ठा ५० देखि ७५ केजी बीउ आवश्यकता पर्दछ । आलु खेतीमा भौगोलिक वातावरण, मलजल सबै थोक मिलेमा प्रति रोपनी १२००–१६०० केजी सम्म उत्पादन लिन सकिन्छ ।

**रोगीङ**

आलु उत्पादन भइरहेको प्लटमा वेजात नावो रोगी बोट देखिएमा उखेली हटाउने कार्यलाई रोगीङ भनिन्छ । जस्तै : मोजाईक, पात दोब्रने, पहेलिने, रोगि नावो आदि लक्षण देखिएमा आलुहरूको बोट दाना सहित नै उखेलेर खाल्टोमा पुर्ने वा जलाउनु पर्दछ ।

**हाल्म पुलिङ**

आलु लगाएको प्लटमा आलु छिप्पिएर बोट मर्न थालेपछि आलुको ड्याङ फेदमा दुवै गोडाले टेकि बोट उखेलिदिन पर्दछ । यसलाई हाल्म पुलिङ भनिन्छ । १० देखि १५ दिनपछि उक्त ड्याङबाट आलु विस्तारै बाहिर निकाल्ने कार्य गर्नुपर्दछ । यसो गर्नाले चोटपटक लाग्न कम भई आलुको बोक्रा जाम भई गुणस्तरीय देखिन्छ ।

**बीउ लगाउने एवं बाली लिने समय**

तराई र भित्री मधेशमा असोज–कार्तिक मध्ये,पहाडमा मंसिर १५ सम्ममा लगाईसक्नु पर्दछ । माघ फागुनमा बाली लिने समय हुन्छ तर टिस्टुङ पालुङ चिसो ठाउँमा भने माघ १५ पछि आलु रोप्ने काम हुन्छ । बालि लिने समय भने जेठ महिनामा हुन्छ ।

**भण्डारण**

खेतबारीमा उत्पादन भएको आलु खनिसकेपछि सुरक्षित ठाउँमा सोझै घाम नपर्ने र हावा खेल्ने चल्ने ठाउँमा फिजाई सुकाउनु पर्दछ । हिउँदे आलु भए ८–१० दिन तथा वर्खे आलु भए १५–२० दिन सम्म फिजाई राख्नु पर्दछ । यदि बीउको लागि हो भने ग्रेडिङ गरेरबीउ साइजको सफा सँग छानेर ५० देखि ६० केजीको जुटको बोरामा प्याकिङ गरि आफुलाई पायक पर्ने नजिकको कोल्ड स्टोर वा सित भण्डारमा भण्डारण गर्न लानु पर्दछ यदि विक्री गर्ने हो भने बजारको व्यवस्था हेरी बिक्री गर्नु पर्दछ ।

## जात...

धरौटी र तारेखमा छुट्ने गरेका छन् । कुटपिट, हत्याजस्ता घटनामा समेत राज्य संयन्त्र अपराधीलाई कम सजायमा मुक्त गर्ने पक्षमा जबरजस्त उभिने गरेको छ भने जातीय विभेदका घटनालाई सामान्यीकरण गरी विभेदकारीकै मनोबल बढाउने गरेको पाइन्छ । ०६८ पछि दलितमाथि भएका छुवाछुत–भेदभावका घटनामा अपराधीलाई जरिबाना र कैद तोकिएका अदालती फैसला अत्यन्तै कम छन् । ११ घटनाका अभियुक्त फरार सूचीमा रहेको देखिन्छ ।

२०६८ देखि २०७७ मंसिरसम्म महान्यायाधिवक्ताको कार्यालयमा दर्ता भएका जम्मा १८ वटा जातीय विभेदको मुद्दामध्ये चारवटा मुद्दामा मात्रै कसुर कायम भएको र १२ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको डिग्निटीको अध्ययनमा देखिन्छ । त्यसैगरी उच्च सरकारी वकिलको कार्यालयअन्तर्गत यो अवधिमा जातीय विभेद र छुवाछुतसम्बन्धी सयवटा मुद्दा दर्ता भएका छन् । जसमध्ये १७ वटा मुद्दामा मात्र कसुर कायम भएको छ भने ४५ वटा मुद्दामा सफाइ दिइएको छ । यसैगरी ३८ वटा मुद्दा विचाराधीन अवस्थामा छन् । त्यसैगरी जिल्ला सरकारी वकिलको कार्यालयमा २०६८ देखि २०७७ मंसिरसम्म १ हजार ८३ मुद्दा दर्ता भएका छन् । तीमध्ये २७१ मुद्दामा सफाइ दिएको छ भने २८९ मुद्दामा कसुर कायम भएको छ । ५२१ वटा मुद्दा भने अहिलेसम्म फर्स्योट भएका छैनन् । त्यस्तै, इन्सेकको प्रतिवेदनअनुसार यस अवधिमा जातीय विभेद र छुवाछुतसम्बन्धी ६ सय ३९ घटना भएका छन् । इन्सेकका अनुसार जातीय विभेदका सबैभन्दा बढी घटना कर्णाली प्रदेशमा र सबैभन्दा कम प्रदेश १ मा भएको देखिन्छ । यी सबै घटनालाई हेर्दा ऐन लागू भएको केही वर्ष विभेद केही मात्रामा कम भए पनि दलितमाथि ज्यादतीका घटना बढ्दो क्रममै रहेको देखाउँछ ।

**दलितले किन पाउँदैनन् न्याय ?** : दलितमाथि भएका अत्याचारका घटनामा दलितले सहजै न्याय नपाउने गरेको देखिन्छ । यसका पछाडि मूलतः जात व्यवस्थामा आधारित राज्य र सामाजिक संरचना मूल रूपमा बाधक देखिन्छ । पहिलो, दलितमाथि भएका विभेद र अपराधका घटनालाई समाजमै दबाउने वा छलफलमा समेत नल्याउने गरेको पाइन्छ । सामाजिक रूपमा गल्ती स्वीकार गर्नुपर्ने वा कानुनी रूपमा कारबाही भोग्नुपर्ने भएका कारण दलितमाथि हुने विभेदका अधिकांश घटनालाई छलफलमा समेत ल्याउन दिँदैन ।

दोस्रो कुरा, यस्ता केही घटनामा दोषीलाई उन्मुक्ति दिने उद्देश्यसहित मिलापत्र गराइन्छ र कानुनी प्रक्रियामै जानबाट बन्देज गरिन्छ । यतिसम्म कि जाहेरी दिन गएको अवस्थामा समेत प्रहरीले जाहेरी नै नलिई उनीहरूकै उपस्थितिमा मिलापत्र गराउने वा समाजमै गएर मिल्न सुझाबसहित फर्काउने गरेका छन् । तेस्रो, यस्ता घटनामा अत्यन्तै कम मात्रामा उजुरी प्रहरीमा पुग्छन् र जाहेरी दर्ता हुन्छन् । जात–व्यवस्थामा आधारित शक्ति–सम्बन्धका कारण प्रहरीले यस्ता घटनाको अनुसन्धान गर्ने, सोहीअनुसार अदालती प्रक्रियाका लागि आवश्यक बयान र काजगपत्र तयार पार्ने काममा अपेक्षाकृत सकारात्मक भूमिका खेल्न सकेको छैन ।

चौथो, जातीय विभेदको मुद्दा सरकारवादी मुद्दा भएका कारण यी मुद्दामा सरकारी वकिलले लड्नुपर्ने हुन्छ । बहुसंख्यक सरकारी वकिल गैरदलित समुदायकै हुने भएका कारण पनि पीडकको समुदायगत पृष्ठभूमि, राजनीतिक शक्तिसम्मको पहुँच आदिका कारण दलित अधिकारका सन्दर्भमा सरकारी वकिलको भूमिका प्रभावकारी हुन सकेको देखिँदैन ।

पाँचौं, कमजोर रूपमा तयार पारिएका घटना अनुसन्धान, बयान र अन्य आवश्यक कागजपत्रका साथै कतिपय अवस्थामा न्यायाधीशले गर्ने स्वविवेकीय निर्णय पनि दलितको पक्षमा हुने सम्भावना कम रहन्छ । किनकि नेपालको न्यायालयमा ८७ प्रतिशत खसआर्यको दबदबा छ । विभेदकारी सामाजिक–सांस्कृतिक मनोविज्ञानका कारण दलितमाथिको अत्याचारलाई सामान्यीकरण गर्ने गरिएका कारण पनि कतिपय मुद्दामा दलितले न्याय नपाएको देखिन्छ ।

छैटौं, जातीय विभेदविरूद्ध अभियान सञ्चालन गर्ने, दलितलाई सशक्तीकरण गर्ने र गैरदलितलाई जातीय विभेदविरूद्ध लाग्न उत्प्रेरित गर्नेजस्ता जागरण अभियान राजनीतिक दलहरूले गर्न सक्छन् । तर, राजनीतिक दल दलितमुक्तिका सन्दर्भमा चुपचाप रहने वा पीडककै पक्षमा उभिन पुग्दा दलितले न्याय पाउन सक्दैन । सातौं, नेपालको मानवअधिकार क्षेत्रमा क्रियाशील ठूला र स्थापित मानवअधिकारवादी संघसंस्था वा अगुवाहरु दलितले न्याय पाउनुपर्छ भन्ने पक्षमा जनमत बनाउने र राज्यलाई दबाब दिने काममा लागेको देखिँदैन । केही हदसम्म प्रगतिशील गैरदलित तप्का दलितमाथि भएको अत्याचारविरूद्ध संघर्षमा सामेल हुने क्रम बढेको छ, तर नेपाली सामाजिक–राजनीतिक शक्ति अहिले पनि जात–व्यवस्थाविरूद्ध उभिन सकेका छैनन् । जबसम्म विभेदकारी जात–व्यवस्था टिकिरहन्छ, तबसम्म नेपालका दलितले आधारभूत मानवअधिकारको पूर्ण रूपमा उपयोग गर्न सक्ने अवस्था बन्दैन । दलितले न्याय पाउने वातावरण तयार नहुँदासम्म नेपालमा वास्तविक अर्थमा लोकतन्त्रको विकास र मानवअधिकारको संवर्द्धन पनि हुन सक्दैन । *नयाँ पत्रिकाबाट*

## सन्दर्भ...

ओली र पार्टी अध्यक्ष प्रचण्डलाई लडाई झगडा गर्दैमा ठीक भएको छ । अर्को प्रतिपक्षको भूमिकामा रहेको कांग्रेसका नेताहरू आ–आफ्नै गुटबन्दी तथा लवी राजनीतिमा व्यस्त छन् । प्रतिपक्षको भूमिका जुन आपेक्षाकृत एवं जन सापेक्ष र संभावित सता प्राप्त गर्न हुन पर्दथ्यो उदासीन छ । मधेसी दलहरूका नेताहरू पार्टी बदल्दैथ्यो । नामांकरण गर्दैमा ठीक छ । सञ्चार जगत र अधिकारवादीहरूले जतिसुकै दिशानिर्देश र सुझाव दिएपनि राजनीतिक दल र सताशासनले बडाक्रम सुन्ने गरेका छन् ? स्थानीय बुद्धिजिवी परशुराम निरौलाका भनाइमा 'काग कराउँदै गर्छ, पिना सुक्दै गदर्छको तालमा नेपालमा छ ।' स्थानीय सरकारका प्रतिनिधि मण्टी मण्डलका अनुसार सत्तामा बस्नेले मानव अधिकारको पालना संरक्षण गर्न खोज्छन तर कठिन हुँदो रहेछ भन्ने सुनाउँछन् । अर्का बुद्धिजिवी लालबाबु साहका अनुसार 'हाम्रो देश र संविधानको व्यवस्थाअनुसार लोकतान्त्रिक गणतान्त्रक प्रणालीमा छौं तर प्रत्याभूति आमजनतालाई जनुरूपमा हुनुपर्ने हो त्यस्तो छैन ।' मानवअधिकारको संरक्षण र प्रवर्द्धन, भ्रष्ट शासन सत्ता र सत्ताधारीको आचरणबाट पवित्रता र स्वच्छ शासन, पारदर्शीता, अप्रत्यक्ष उपनिवेशनबाट मुक्ति राष्ट्रियताको पूर्ण संरक्षण नै आजको विकास सम्मान हुनेछ । मानवअधिकार प्रति सरकार असंवेदनशी लभएको सिरहाका वरिष्ठ चन्द्रदेव कामती र मधेशी बुद्धिजिवी राम परीक्षण महतोको भनाइ छ । अस्तु ।


## नविकरणको म्याद थप सम्बन्धि सूचना ।

**विश्वमा महामारीको रुपमा फैलिएको कोभिड–१९ को कारण समयमा सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रुट ईजाजतपत्र नविकरण गर्न नसकिएकाहरुको लागी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार काठमाडौंको पत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद्)को मिति २०७७।०८।१५ गतेको निर्णयानुसार सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रुट ईजाजतपत्र नविकरणको म्याद मंसिर मसान्त सम्म थप गरिएको व्यहोरा सबैमा जानकारीको लागी अनुरोध छ ।**

प्रदेश सरकार
प्रदेश नं. २
**यातायात व्यवस्था कार्यालय**
लहान, सिरहा



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)